# नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता

हिममाया पौडेल[१]

[१] उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, त्रिवि

**Email**
himmayapoudel@gmail.com

प्रकाशन : २०८३ असार
Publish: 2026 June

**Doi:**
https://doi.org/10.3126/bns.v29i1.95334

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

मौखिक सङ्कथनको विषय व्याप्ति विभिन्न क्षेत्रमा विस्तार भएको छ । यसमध्ये नेपाली भाषा कक्षाका मौखिक सङ्कथन एउटा अध्ययनीय क्षेत्र मानिन्छ । प्रस्तुत लेख नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता खोजी गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धानमा आधारित यस लेखमा कक्षा नौका नेपाली भाषा कक्षा अवलोकन गरी अडियो रेकर्ड गरिएको छ । केही रूपमा सम्बद्ध शिक्षकको धारणा पनि लिइएको छ । यसपछि मौखिक सङ्कथन विश्लेषणको सिद्धान्त र भाषा शिक्षण सिद्धान्तका आधारमा आगमनात्मक पद्धति अवलम्बन गरी तथ्यको विश्लेषण गरिएको छ । जसमा मौखिक सङ्कथन प्रयोगमा विद्यार्थीहरूको पूर्ण सहभागिता नरहेको, सहभागी भएका विद्यार्थीले प्रयोग गरेका अभिव्यक्तिहरू सङ्कथनात्मक दृष्टिले पूर्ण कथनका रूपमा प्रस्तुत नभएका, सहभागी विद्यार्थीहरूमध्ये निश्चित लहर, बेन्च, भाषिक स्तर भएका विद्यार्थीहरू र लिङ्गका दृष्टिले छात्राहरूको सहभागिता मात्र उच्च रहँदा अन्य विद्यार्थीहरू कमजोर रहेको प्रस्ट खुल्दछ । मौखिक सङ्कथन उपयोगको यस स्थितिले अपेक्षित रूपमा बोलाइ सिप विकास गर्न टेवा पुर्याएको छैन । यसो हुनुमा मौखिक सङ्कथन उपयोगमा विद्यार्थीहरूलाई कमै प्रेरित गरिएको, कक्षामा शिक्षक बढी सक्रिय भइराखेको, मौखिक सङ्कथन प्रयोगका लागि उचित वातावरण व्यवस्थापनमा कमी रहेको, मौखिक सङ्कथनको विषय व्याप्ति बढाउन सहकार्यकलापहरूको आयोजना नगरिएको, विद्यार्थीको अभ्यासमा कमी रहेको र अन्ततः भाषिक अभिव्यक्तिको आधारभूत बोलाइ सिप विकासमा आघात परेको अध्ययनको निष्कर्ष रहेको छ ।

***शब्दकुन्जी:*** कथन, भाषिक स्तर, मौखिक सङ्कथन, लिप्यन्तरण, समूह स्वर, सहभागिता ।

## अध्ययनको पृष्ठभूमि

मौखिक सङ्कथन कथ्य भाषाका माध्यमद्वारा व्यक्त हुने वाक्यभन्दा माथिको अर्थपूर्ण अभिव्यक्ति हो । यो परिवार, विद्यालय र समाजका विभिन्न परिवेशमा शिक्षा, विज्ञान, प्रविधि, कला, साहित्य, राजनीति, कानुन, भाषा लगायतका क्षेत्रमा विभिन्न रूपले उपयोग हुँदै आएको छ । यसबाट मौखिक सङ्कथनको क्षेत्र बहुविध भएको प्रस्ट हुन्छ । पछिल्लो समयमा कक्षाकोठाको मौखिक सङ्कथन व्यवस्थित अध्ययनको एउटा महनीय पक्ष बन्दै आएको छ

(पौडेल, २०८२, पृ. ११८)। नेपाली भाषा कक्षामा शाब्दी तहका एकाइदेखि पाठात्मक तहसम्मका अर्थपूर्ण मौखिक सङ्कथनहरू प्रयोग भएका हुन्छन्। मौखिक सङ्कथनको उपयोगबाट बोलाइ सिप विकासमा मद्दत पुग्ने भएकाले यसको बोलाइ सिपसँग घनिष्ट सम्बन्ध रहेको हुन्छ।

नेपाली भाषा विषयको शिक्षणीय पाठ एउटा सिङ्गो एकाइका रूपमा रहेको हुन्छ। पाठको विधागत प्रकृतिअनुसार पठनबोध (लयबोधसमेत), उच्चारण, शब्दार्थ, वाक्य प्रयोग, मौखिक वर्णन, प्रस्तुतीकरण, बुँदा टिपोट, सारांश कथन÷लेखन, प्रश्नोत्तर, अन्तरक्रिया, संवाद तथा अभिनय आदि विभिन्न पाठ्यवस्तुहरू अन्तर्निहित हुन्छन्। यिनमा विद्यार्थीको सिकाइ आवश्यकताअनुसार कक्षा कार्यकलापमा शिक्षकले सहजीकरण गरेका हुन्छन्। यी पाठ्यवस्तुको अभ्यासमा विद्यार्थीको जति बढी सहभागिता रहन्छ, त्यति नै सिपमा सबलीकरण प्राप्त हुन्छ। वस्तुतः विद्यार्थी सहभागिताका दृष्टिले नेपाली भाषा कक्षामा मौखिक सङ्कथन उपयोगको मात्रा जति बढ्दै जान्छ, उति नै बोलाइ सिप परिष्कृतिमा टेवा पुग्दै जाने देखिन्छ।

नेपाली भाषा शिक्षणमा शिक्षणीय पाठको प्रकृति विभिन्न हुने गर्छ। नेपाली भाषाका जुन कुनै कक्षामा कथा, कविता, निबन्ध, रूपक (साहित्यिक) तथा जीवनी (जीवनवृत्त) र चिठी, दैनिकी (व्यावहारिक) जस्ता पाठमा आधारित शिक्षण सिकाइ सञ्चालन भएको हुन्छ। यी सबै पाठका शिक्षण सिकाइमा विभिन्न मौखिक सङ्कथनहरू प्रयोग भइरहेका हुन्छन्। यो अध्ययन जीवनी शिक्षण सिकाइका दुई ओटा कक्षामा प्रयुक्त मौखिक सङ्कथन अध्ययनमा आधारित छ।

प्राज्ञिक दृष्टिले नेपाली भाषा कक्षाका मौखिक सङ्कथन अध्ययनको कमी देखिन्छ। नेपाली भाषा कक्षामा विद्यार्थीका सङ्कथन/अभिव्यक्तिले कक्षाको भौतिक, सामाजिक र भावनात्मक परिवेशसँग प्रत्यक्ष सम्बन्ध राखेका हुन्छन्। नेपाली भाषा कक्षाका सङ्कथनमा विद्यार्थी सहभागिताको गहन, प्रामाणिक तथा वस्तुपरक खोजीतर्फ अध्ययन केन्द्रित गरिएको हुँदा भाषावैज्ञानिक दृष्टिले मात्र नभई शैक्षणिक दृष्टिले पनि यो अध्ययन औचित्यपूर्ण रहेको छ। यस क्षेत्रको व्यवस्थित अध्ययनमा ज्ञानको रिक्तता देखिएको सन्दर्भमा यो लेख महत्वपूर्ण रहेको छ। यस अध्ययनको निष्कर्षबाट मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको स्थिति पत्ता लगाउन तथा विद्यार्थीमा मौखिक सङ्कथन क्षमता विकास गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

## पूर्वकार्यको पुनरावलोकन र शोध अन्तराल

प्रस्तुत शीर्षकअन्तर्गत सम्पन्न भएका पूर्वकार्यहरूको पुनरावलोकन गरी त्यस आधारमा यस अध्ययनको अन्तराल यसप्रकार उल्लेख गरिएको छ :

कोथर्ड (सन् १९७७) द्वारा सङ्कथन परिचय, सङ्कथन विश्लेषणको परम्परा तथा सङ्कथन विश्लेषण र भाषा शिक्षणबारे चर्चा गरिएको पाइन्छ। यस क्रममा कुनै पनि कथ्य पाठका संरचनामा वर्णविज्ञान, व्याकरण, सङ्कथन र भाषेतर एकाइ रहने सन्दर्भलाई प्रकाश पारिएको छ। यसबाट मौखिक सङ्कथन व्यापक रहेको र यो भाषाको कार्यात्मक पक्षसँग पनि सम्बन्धित हुन्छ भन्ने स्पष्ट हुन्छ। त्यस्तै, एलेन र कर्डर (सन् १९७८) द्वारा सम्पादित ग्रन्थमा भाषाविज्ञान, भाषा शिक्षण र भाषा सिकाइसँग सम्बन्धित विविध विषयवस्तुबाहेक सङ्कथनका बारेमा पनि चर्चा गरिएको छ। यसमा भाषाको नितान्त भिन्न पक्षलाई जनाउन 'डिस्कोर्स' शब्दको प्रयोग गरिएको देखिन्छ। यस क्रममा सङ्कथन विश्लेषणलाई अभिव्यक्ति प्रकार वा साञ्चारित कार्यको अध्ययनसँग सम्बन्धित रहेको उल्लेख गर्दै विभिन्न

साञ्चारिक कार्यको व्याख्या गरिएको छ । जसमा सम्बद्धनले वैयक्तिक अभिव्यक्तिको प्रस्तुति वा अवस्थासँग निकट सम्बन्ध राख्ने विचार व्यक्त गरेको देखिन्छ । प्रस्तुत सैद्धान्तिक कार्यभन्दा नेपाली भाषा कक्षामा प्रयुक्त मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको अध्ययनमा आधारित रहेकाले यो अध्ययन पृथक् रहेको छ ।

म्याक्अर्थी (सन् १९९१) ले सङ्कथनको पृष्ठभूमि, संरचना र कार्य (फम एन्ड फङ्सन, कथ्य अभिव्यक्ति र सङ्कथन संरचना, सङ्कथनको क्षेत्र, कथ्य सङ्कथन र विश्लेषणको मोडेल, कक्षाकोठाभन्दा बाहिरको संवाद, कथन सामाजिक क्रियाकलापका रूपमा, लेख्य सङ्कथन आदिबारे प्रकाश पारेका छन् । यस क्रममा कथ्य र लेख्य सङ्कथनको क्षेत्र व्यापक रहेको, पाठविश्लेषणका तरिकाहरूमा पाठको अर्थका प्रकार, प्रयोजनपरक क्षेत्रका आधारमा तिनको सम्बन्ध, तिनमा प्रयुक्त भाषिक सुविधाहरू र सामाजिक सम्बन्धमा आधारित रहेको निष्कर्ष निकालेका छन् । त्यसैगरी ब्राउन र युग्ले (सन् १९९३) द्वारा सङ्कथन विश्लेषणले व्यापक क्षेत्रको अध्ययनलाई समेट्ने कुरा उल्लेख गरिएको छ । यस क्रममा कथ्य र लेख्य पाठको तुलनात्मक चर्चाका क्रममा कथ्य भाषामा वक्तासँग कुनै स्थायी अभिलेख नहुने, कुराकानीका बखत प्राप्त समयमा आफूले बोल्नुपर्ने भएकाले दबाबमा रहेर बोल्नुपर्ने विचार व्यक्त गरिएको छ । त्यस्तै, आवश्यकताअनुसार संशोधन गरेर बोल्न चाहिँ सकिने र परस्परमा अन्तरक्रिया गर्न सकिने पनि उल्लेख छ । त्यस्तै, इमाकुलाडा फोर्तुनो गोमेन र बेगोना बेल्स फोर्तुनो (सन् २००५) को स्पोकन एकेडेमिक डिस्कोर्सः एन एप्रोच टु रिसर्च अन लेक्चर्स शीर्षकको अध्ययनमा अङ्ग्रेजी र स्पेनिस अध्ययन गर्ने विद्यार्थीहरूको व्याख्यानमा उच्च दक्षता विकास गर्न सक्ने अपेक्षा रहेको देखिन्छ ।

अधिकारी (२०६७) द्वारा सङ्कथन विश्लेषणसम्बन्धी चर्चा गरिएको छ । जसमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो एकाइका रूपमा चर्चा गर्दै खास कथन घटनासँग सम्बन्धित पूर्ण एकाइका रूपमा वर्णन गर्ने कार्य भएको छ । यस क्रममा वाक्यभन्दा ठुला भाषिक एकाइ, नियम र सीमाहरूको खोजी हुने उल्लेख गर्दै कथ्य सङ्कथनमा भाषिक पक्षका अलवा हाउभाउ, मुखमुद्रा आदि भाषेतर तत्वको महत्व रहने उल्लेख छ । साथै अभिव्यक्ति प्रक्रियामा वक्ता र बोद्धा तथा लेखक र पाठकको मनस्थितिको अध्ययन गर्न सकिने विचार पनि व्यक्त भएको छ । त्यसैगरी गी (सन् २०११) को एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनालाइसिस थिअरी एन्ड मेथड्स पुस्तक, अडबा (सन् २०१७) को एक्सप्लोरिङ द प्राक्टिस अफ टिचर स्टुडेन्ट क्लासरुम इन्ट्या¥याक्सन इन इ.एफ.एल. डेभलपमेन्ट द लर्नर्स स्पिकिङ स्किल्स इन टुलु सङ्गोटा प्राइमेरी स्कुल, ग्रेड एट स्टुडेन्टस् इन फोकस शीर्षकको लेख, भुसाल (२०७५) को माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन शीर्षकको शोध, रोपयुक्हा (सन् २०१९) को एनालाइसिस अफ ग्रामेटिकल कोहिजन अन एस्से राइटिङ अफ स्टुडेन्ट शोधलगायतका कार्यहरू सम्पन्न भएका पाइन्छन् ।

प्रस्तुत पूर्वकार्यहरूको पुनरावलोकन गर्दा मौखिक सङ्कथनका क्षेत्रमा पनि अध्ययनको सुरुवात हुँदै आएको ज्ञात हुन्छ । उल्लिखित पूर्वकार्यहरूमध्ये यस अध्ययनका लागि केही सैद्धान्तिक धारणा निर्माण गर्न र अन्य केही अध्ययन विधि एवम् प्रक्रिया निर्धारण गर्न आंशिक रूपमा उपयोगी बनेका छन् । यद्यपि प्रायोगिक कार्यमा यिनको तात्विक भूमिका छैन । नेपाली भाषा कक्षामा प्रयुक्त मौखिक सङ्कथनमा आधारित भई अध्ययनहरू भएको पाइदैन । मौखिक सङ्कथनको दृष्टिचेतनालाई आधार बनाई नेपाली भाषाका मौखिक सङ्कथनका सन्दर्भमा विद्यार्थी सहभागिताको व्यवस्थित अध्ययन हालसम्म भएको छैन । यही शोध अन्तराललाई यसमा उपयोग गरिएकाले यस अध्ययनको औचित्य पुष्टि भएको छ ।

## अध्ययनको समस्या तथा उद्देश्य

सङ्कथन विश्लेषणको क्षेत्रमा नेपाली भाषा कक्षाका मौखिक सङ्कथन विश्लेषण एउटा प्रमुख पक्ष हो। नेपाली भाषा कक्षामा मौखिक अभिव्यक्तिहरू कसरी स्वस्फूर्त रूपमा सिर्जित हुन्छन् ? वक्ताहरू औपचारिक शिष्टताको पद्धतिमा कसरी संलग्न हुन्छन् ? नेपाली भाषा कक्षामा मौखिक सङ्कथनका क्रियाकलापहरू कसरी गतिशील हुन्छन् ? कक्षाका मौखिक सङ्कथनात्मक क्रियाकलापको स्वरूप कस्तो रहेको हुन्छ ? भाषा कक्षामा प्रयुक्त मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता कस्तो छ ? जस्ता जिज्ञासाहरूको प्राज्ञिक समाधान हुनु जरुरी मानिन्छ। मौखिक सङ्कथन बोलीका माध्यमबाट व्यक्त हुने भएकाले यो भाषाका सुनाइ र बोलाइ सिपसँग बढी सम्बन्धित छ। कुनै पनि विचार सुनेपछि बोल्न सकिने हुन्छ भने बोलेर व्यक्त गर्न सकेपछि श्रुतिबोध भएको मानिन्छ। बोलाइ भाषिक अभिव्यक्तिको आधारभूत सिप भएकाले स्तरअनुरूप यस सिपको विकास गर्न मौखिक सङ्कथनको उपयोग गर्ने गरिन्छ। वस्तुतः नेपाली भाषा कक्षामा प्रयुक्त मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको स्थिति निक्र्यौल गर्नु यस अध्ययनको मुख्य समस्या रहेको छ।

प्रस्तुत अध्ययनको समस्यामा आधारित नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको स्थिति विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ।

## शोध विधि एवम् प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धानको फेनोमेनोलोजी ढाँचामा आधारित छ। स्थलगत कार्यमा आधारित तथ्य सङ्कलन, तिनको थिम निर्माण, तथ्यको व्यवस्थित (तालिकामा) प्रस्तुति र आगमनात्मक विधिद्धारा विश्लेषण गर्ने पद्धति लगायतका पक्षलाई यसमा अवलम्बन गरिएको छ।

नेपाली भाषा कक्षामा कथा, कविता, जीवनी, चिठी, दैनिकी जस्ता जुन कुनै पाठमा आधारित शिक्षण सिकाइमा मौखिक सङ्कथनहरू प्रयोग भएका हुन्छन्। यो अध्ययन जीवनी पाठको शिक्षण सिकाइका दुई ओटा कक्षामा आधारित छ। उद्देश्यमूलक नमुना छनोटका आधारमा पोखरा महानगरअन्तर्गतको ज्ञानभूमि माध्यमिक विद्यालयको कक्षा नौलाई छनोट गरिएको छ। विद्यार्थी सङ्ख्याका दृष्टिले मध्यम सहभागी भएकाले यस विद्यालयको कक्षा नौ छनोटको प्राथमिकतामा परेको छ। विद्यालयको शिक्षण तालिकाअनुसार कक्षा नौको नेपाली विषयको शिक्षण समयमा पुगी कक्षा अवलोकन गर्ने क्रममा शोध कर्ताद्वारा पहिलो दिन सामान्य रूपमा कक्षा अवलोकन गरिएको छ भने दोस्रो दिनदेखि अवलोकन र रेकर्ड गर्नका लागि अनुमती लिइएको छ। यसपछि क्रमशः प्रति पिरियडका दरले दुई ओटा कक्षा अवलोकन र तिनको रेकर्ड गरिएको छ। यस क्रममा शिक्षण सिकाइको आरम्भदेखि समापनसम्म विद्यार्थीहरू प्रत्यक्ष सहभागी भई प्रयोग गरेका मौखिक अभिव्यक्तिहरूलाई सङ्कथनात्मक तथ्यका रूपमा ग्रहण गरिएको छ। विद्यार्थीद्वारा पाठ पढेर सुनाइएका र लेखेर ल्याई पढेर भनिएका कथनहरूलाई नभई रचनात्मक रूपमा बोलिएका कथनहरूलाई मौखिक सङ्कथनात्मक तथ्यका रूपमा ग्रहण गरिएको छ। यसरी तथ्य सङ्कलनको स्रोत (प्राथमिक स्रोत) का रूपमा कक्षा अवलोकन रहेको छ। यसबाहेक केही रूपमा सम्बद्ध शिक्षकको धारणा पनि लिइएको छ।

नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता पत्ता लगाउने कार्य यस अध्ययनको महत्वपूर्ण पक्ष रहेको छ। यसका लागि विद्यार्थीले प्रयोग गरेका मौखिक सङ्कथनहरूलाई रेकर्ड खोलेर गहन अध्ययन गरी पटक

पटक सुन्दै तिनको यथासक्य लिखित लिप्यन्तरण गरिएको छ । ती तथ्यहरूलाई सम्बन्धित शिक्षक तथा विज्ञसमक्ष रुजु एवम् परीक्षण गरी सत्यापन गरिएको छ । तथ्यहरूलाई प्रयोगको समय, लहरगत, बेन्चगत, भाषिक स्तरगत र लिङ्गगत आधारमा थिम निर्माण गरी व्यवस्थित वर्गीकरण र तिनको तालिकीकरण समेत गरिएको छ । त्यसपछि नेपाली भाषा शिक्षण र सङ्कथन विश्लेषण सिद्धान्तका आधारमा आगमनात्मक पद्धतिलाई उपयोग गरी तथ्यहरूको विश्लेषण गरिएको छ । नेपाली भाषा कक्षामा प्रयुक्त मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको स्थिति निक्र्यौल गरी तथ्य विश्लेषण गर्दा वर्णनात्मक एवम् व्याख्यात्मक विधि उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

बोलाइ भाषाको आधारभूत सिप हो । यस सिपका माध्यमबाट अन्य सिप विकासमा मद्दत पुग्छ । बोलाइका माध्यमबाट विद्यार्थीको व्यक्तित्व विकासमा टेवा पुग्छ । नेपाली भाषा कक्षामा प्रयुक्त मौखिक सङ्कथनको अध्ययन बोलाइ सिपका कार्यकलापमा आधारित भई गरिने अध्ययन हो । मौखिक सङ्कथन कथ्य भाषाका माध्यमद्वारा व्यक्त हुने अर्थपूर्ण अभिव्यक्ति हो । मौखिक सङ्कथनमा भाषेतर तत्व (हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन) को महत्वपूर्ण भूमिका हुन्छ (पौडेल, २०७८, पृ.२४२) । यो कथनात्मक वा अन्तरक्रियात्मक स्वरूपमा निर्माण भएको हुन सक्छ । नेपाली भाषा कक्षामा विशेष गरी बोलाइ सिप विकासका लागि मौखिक क्रियाकलापहरूको उपयोग गरिन्छ । त्यसैले मौखिक सङ्कथनको घनिष्ट सम्बन्ध बोलाइ सिपसँग हुन्छ ।

मौखिक भाषालाई अभिव्यक्तिको सरल एवम् सहज उपायका रूपमा लिइन्छ । मौखिक सङ्कथन मान्छेले आफ्ना आवश्यकता र इच्छा व्यक्त गर्ने सरलतम उपाय, कुनै काम गर्न प्रोत्साहित गर्ने, निर्देशन दिने, आस्वासन दिने, विश्वास दिलाउने, प्रश्न गर्ने, जवाफ व्यक्त गर्ने सुगम उपाय मात्र नभई व्यक्तित्व विकासको महत्वपूर्ण उपाय हो (अधिकारी, २०६९, पृ. ४४) । मौखिक अभिव्यक्तिका माध्यमबाट मानवीय र सामाजिक सम्बन्ध स्थापित गर्न, साथीहरूबिच हार्दिकता दर्साउन, अभिव्यक्तिको पहिलो रूप बोलाइ महत्वपूर्ण हुन्छ । यसबाट मानवीय तथा सामाजिक सम्बन्ध सुदृढ तुल्याउन लेखाइका तुलनामा बोलाइको भूमिका नै बढी हुने प्रस्ट देखिन्छ ।

मौखिक सङ्कथन अध्ययनका क्रममा विद्यार्थी सहभागिता र सिप विकासको सन्दर्भ महत्वपूर्ण रहँदै आएको छ । सिकारुलाई विभिन्न कार्यकलापमा सहभागी गराई भाषा सिकाउने तरिकालाई सहभागितामूलक भाषाशिक्षण भनिन्छ । यसअन्तर्गत वैयक्तिक र समूहगत दुवै सहभागिता पर्दछन् । सिकाइमा एक विद्यार्थी सहभागी हुँदा वैयक्तिक र दुई वा बढी विद्यार्थीहरू सिकाइमा संलग्न हुँदा समूहगत सहभागिता हुन्छ । समूहमा पनि कक्षाभरिका विद्यार्थी एउटा ठुलो समूहका रूपमा र स–साना समूह त्यसका उपसमूहका रूपमा रहन्छन् । स–साना समूहमा आधारित गरी सिकाउनाले शीघ्र निर्णय क्षमताको विकास हुने, सिकाइ अर्थपूर्ण हुने, सम्प्रेषणात्मक गतिविधि र अन्तरक्रियाका माध्यमबाट सम्पन्न गरिने कार्यमा केन्द्रित सिकाइले सम्पादनात्मक क्षमताको विकास गर्न मद्दत पुग्छ । अनी (सन् २०१७) का अनुसार शिक्षकले विद्यार्थीसँग पाठ्यविषयका बारेमा छलफल, प्रश्न, विद्यार्थीका विचारको प्रयोग, व्याख्यान, निर्देशन, समीक्षा वा विद्यार्थी कथनमा प्रतिक्रिया जनाउँछन् । शिक्षकद्वारा सञ्चालित उक्त कार्यकलापमा संलग्न हुँदा विद्यार्थीहरूका मौखिक सङ्कथन प्रस्तुत भएका हुन्छन् । त्यस्तै, गुलकले टेलिफोनमा कुरा गर्न लगाउने, अन्य समस्या समाधान गर्न लगाउने आदि गर्नाले भाषिक सिप सिकाइ र सहजीकरणमा सफलता मिल्ने बताउँछन् (गुलक, सन् २०१३, पृ. ६) । यसबाट विद्यार्थीहरूमा भाषिक अभिव्यक्ति कला तथा सिप सिकाइमा अपेक्षित सुधार आई शिक्षकको सहजीकरण पनि सफल बन्न पुग्छ ।

नेपाली भाषा कक्षाको परिवेशले विद्यार्थीहरूको मौखिक सङ्कथन प्रभावित भएको हुन्छ । यसमा विद्यार्थीको रुचि, भाषिक स्तर, कक्षाको बसाइ व्यवस्थापन जस्ता पक्षले प्रभाव पार्ने गर्छन् । कक्षाको बसाइ धेरै विद्यार्थी भएको अवस्थामा विभिन्न बेन्चहरूमा अझ धेरै भएका कक्षामा दायाँ बायाँ लहरमा विद्यार्थीहरूको बसाइ व्यवस्थापन गरिएको हुन्छ । त्यस्तै, कक्षामा लिङ्गका दृष्टिले छात्र, छात्रा; भाषिक स्तरका दृष्टिले उच्च, मध्यम र निम्न क्षमता भएका विद्यार्थीहरू प्रायः कक्षामा उपस्थित हुन्छन् । ती विद्यार्थीले मौखिक सङ्कथन प्रयोग गर्दा विभिन्न (थोरै वा धेरै) समय उपयोग गरेका हुन सक्छन् । नेपाली भाषा कक्षामा मौखिक सङ्कथन प्रयोगका क्रममा विद्यार्थीहरूलाई लहरगत, बेन्चगत, भाषिक स्तरगत र लिङ्गगत दृष्टिले उच्च सहभागी गराउने ध्येय राखिएमा मात्र मौखिक सङ्कथनमा सहभागिता बढ्न सक्छ । भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थीहरूको उच्च सहभागिता रहन गएमा भाषाको बोलाइ सिप विकासमा मद्दत पुग्ने हुन्छ ।

नेपाली भाषा शिक्षण सिकाइका क्रममा कक्षामा विद्यार्थी सहभागिता आवश्यक छ । भाषा सिकाइमा विद्यार्थीहरू सक्रिय रूपमा सहभागी भएनन् भने उनीहरू सिकाइमा कमजोर हुन्छन् । मौखिक अभिव्यक्तिका विभिन्न कार्यकलापमा विद्यार्थीहरूलाई बढी भन्दा बढी अवसर दिन सकियो भने नै उनीहरूको बोलाइ सिप उपलब्धिपूर्ण बन्न सक्छ । भाषा सिकाइमा योग्य अयोग्य, जेहेन्दार कमजोर सबै किसिमका विद्यार्थीहरूलाई सक्दो सहभागिताको अवसर उपलब्ध गराउनु पर्छ (अधिकारी, २०६९, पृ. १९) । यस विचारले भाषा कक्षाका मौखिक सङ्कथनको उपयोगमा शिक्षकका तुलनामा विद्यार्थी सहभागिता अत्यधिक हुनुपर्ने विचारलाई स्पष्ट गरेको छ । त्यस्तै, विद्यार्थीहरू पर्याप्त समय दिएर तथा अधिकतम प्रयास र गुणस्तरलाई ख्याल गरेर अभ्यास गर्नुका साथै वैयक्तिक सहभागिताको महत्व बोध गरेर कार्यप्रति प्रतिबद्ध भएको खण्डमा मात्र उनीहरू सहभागी भएको मानिन्छ (न्युमान, सन् १९८६, पृ. २४२) । यस सम्बन्धमा फ्लेन्डर (सन् १९७०) ले केही भिन्न अभिमत राखेका छन् । उनले विद्यार्थी सक्रियतालाई महत्व दिँदै कक्षामा शिक्षक तीन भागको एक भाग र विद्यार्थी दुई भाग सक्रिय रहने गरी सहभागिताको प्रतिनिधित्व हुनुपर्नेमा जोड दिन्छन् । यसबाट नेपाली भाषा कक्षामा विद्यार्थी सहभागिताको स्थिति निक्र्यौल गर्न मद्दत पुग्ने देखिन्छ । यस आधारबाट नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको अध्ययन यसप्रकार गरिएको छ :

## नेपाली भाषा कक्षाका मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता

प्रस्तुत अध्ययनका क्रममा निर्दिष्ट कक्षा नौका नेपाली भाषा कक्षाहरूको सूक्ष्म अवलोकन गरिएको छ । प्राप्त भएका तथ्यमा आधारित मुख्य विषयवस्तुलाई विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ । मौखिक सङ्कथन अध्ययन गर्ने क्रममा विद्यार्थीले उपयोग गरेका मौखिक सङ्कथन, लहर (बसाइको स्थान दायाँ वा बायाँ), बेन्च (पहिलो, दोस्रो आदि) सिकाइ स्तर, लिङ्ग, सङ्कथन प्रयोगको समय आदिका आधारमा प्रतिनिधिमूलक तथा उच्च सहभागिता आवश्यक पर्ने भएकाले उक्त पक्षहरूलाई आधार बनाइएको छ । यस क्रममा निर्दिष्ट नेपाली भाषा 'क' र 'ख' कक्षाको अवलोकनबाट मौखिक सङ्कथनमा विद्यार्थी सहभागितासम्बद्ध तथ्य र प्राप्तिलाई निम्न उपशीर्षकका आधारमा यसप्रकार प्रस्तुत गरिएको छ :

## नेपाली भाषा कक्षा 'क' को मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता

नेपाली भाषा कक्षा 'क' मा सत्य मोहन जोशी जीवनी पाठको सस्वर वाचन र शब्दार्थ सिकाइसम्बन्धी शिक्षण केन्द्रित भएको देखिन्छ । ३८.२५ मिनेट शिक्षण सञ्चालन रेकर्ड गरिएको यस कक्षामा १८ जना छात्र र ४ जना छात्रा गरी

जम्मा २२ जना विद्यार्थीहरूको उपस्थिति रहेको छ । दायाँ लहरमा छात्रा र छात्र तथा बायाँ लहरमा छात्रहरू बसेको यस कक्षामा अधिकांश विद्यार्थीका मौखिक प्रस्तुति सस्वर वाचनमा केन्द्रित भएको पाइए तापनि केही रचनात्मक मौखिक सङ्कथन समूह स्वरका साथै वैयक्तिक रूपमा पनि प्रयोग भएका छन् । यस आधारमा निर्दिष्ट कक्षामा प्रयुक्त मौखिक सङ्कथन, प्रयोगको सङ्ख्या, लहर, बेन्च, भाषिक स्तर र प्रयोगको समयका आधारमा विद्यार्थी सहभागिताको अध्ययन यसप्रकार गरिएको छ :

**तालिका नं १**

नेपाली भाषा कक्षा 'क' को मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता

| **विद्यार्थी सङ्ख्या** | **मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता (विद्यार्थीले प्रयोग गरेका सङ्कथन)** | **लहर** | **बेन्च** | **स्तर** | **लिङ्ग** | **समय** |
|---|---|---|---|---|---|---|
| १ | वरण्य, असल राम्रो ! (समूह स्वर) | दुवै | केही | उच्च | दुवै | ५ से. |
| २ | उज्यालो | बायाँ | दोस्रो | मध्यम | छात्र | २ से. |
| ३ | थाहा भएन । | बायाँ | दोस्रो | मध्यम | छात्र | २ से. |
| ४ | सम्मान | दायाँ | पहिलो | उच्च | छात्रा | १ से. |
| ५ | लगातार चलिरहने | दायाँ | पाँचौँ | मध्यम | छात्र | ३ से. |
| ६ | सुनिएन । | बायाँ | तेस्रो | मध्यम | छात्र | २ से. |
| ७ | लामो समयसम्म | दायाँ | दोस्रो | उच्च | छात्रा | ३ से. |
| ८ | मिस ! निष्काम भनेको के ? | दायाँ | दोस्रो | उच्च | छात्र | ३ से. |
| ९ | सूर्यविनायक भनेको के हो ? मिस ! | दायाँ | पहिलो | उच्च | छात्रा | ४ से. |
| १० | म्याट्रिक परीक्षा भनेको के हो ? मिस ! | दायाँ | पाँचौँ | उच्च | छात्र | ४ से. |
| ११ | असल सन्तान, हो । (समूह स्वर) | दुवै | केही | उच्च | दुवै | ३ से. |
| १२ | भाग्य । | दायाँ | पाँचौँ | मध्यम | छात्र | १ से. |
| १३ | दीर्घकाल । | बायाँ | तेस्रो | मध्यम | छात्र | २ से. |
| १४ | लामो समयसम्म, उद्देश्यले । (समूह स्वर) | दुवै | केही | उच्च | दुवै | ३ से. |
| १५ | म भनुम् ? | दायाँ | पाँचौँ | उच्च | छात्र | २ से. |
| १६ | पद, पुरातत्त्व । (समूह स्वर) | दुवै | केही | उच्च | दुवै | २ से. |
| १७ | मिस सुस्केराको अर्थ के हो ? | दायाँ | पाँचौँ | उच्च | छात्र | ३ से. |
| **जम्मा** | **समयगत विद्यार्थी सहभागिता(प्रतिशतमा)१.९० %** | | | | | ०.७३ मि |

*स्रोत:* कक्षा अवलोकनबाट प्राप्त तथ्य

उल्लिखित तालिकाका विवरणहरूलाई अध्ययन गर्दा समूह स्वरसहित १७ जना विद्यार्थीहरू मौखिक सङ्कथनमा सहभागी भएका छन् । सत्य मोहन जोशी जीवनी पाठको सस्वर वाचन र शब्दार्थसम्बन्धी छलफलका क्रममा शिक्षकले सोधेका विभिन्न प्रश्नका जवाफ र प्रतिक्रिया दिने क्रममा निर्दिष्ट सङ्कथनहरू प्रयोग भएका हुन् । मौखिक सङ्कथनको प्रयोगका दृष्टिले यस कक्षामा जम्मा १.९० % समय उपयोग भएको देखिन्छ । यसक्रममा सहभागी विद्यार्थीहरूमध्ये लहरका दृष्टिले दायाँ, बेन्चका दृष्टिले क्रमशः पाचौँ र दोस्रो; भाषिक स्तरका दृष्टिले क्रमशः उच्च र मध्यम तथा लिङ्गका दृष्टिले छात्राहरूको सहभागिता उच्च रहेको देखिन्छ ।

## नेपाली भाषा कक्षा 'ख' को मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता

यस विद्यालयको दोस्रो कक्षा सत्य मोहन जोशीको बाल्यकाल र योगदानमा आधारित कक्षा छलफलमा केन्द्रित भएको देखिन्छ । ३६.५० मिनेट शिक्षण सञ्चालन रेकर्ड गरिएको यस कक्षामा १८ जना छात्र र ४ जना छात्रा गरी

जम्मा २२ जना विद्यार्थीहरूको उपस्थिति रहेको देखिन्छ । यस कक्षामा दायाँ लहरमा छात्रा र छात्र तथा बायाँ लहरमा छात्रहरू बसेका देखिन्छन् । केही विद्यार्थीका मौखिक प्रस्तुति सस्वर वाचन गर्नमा केन्द्रित भएको पाइए तापनि यस कक्षामा अन्य केही रचनात्मक मौखिक प्रस्तुति समूह स्वरका साथै वैयक्तिक रूपमा पनि प्रयोग भएका देखिन्छन् । निर्दिष्ट आधारमा यस कक्षामा प्रयुक्त मौखिक सङ्कथन, प्रयोगको सङ्ख्या, लहर, बेन्च, भाषिक स्तर र प्रयोगको समयका आधारमा विद्यार्थी सहभागिताको अध्ययन यसप्रकार गरिएको छ:

**तालिका नं २**

*नेपाली भाषा कक्षा 'ख' को मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता*

| विद्यार्थी सङ्ख्या | मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता (विद्यार्थीले प्रयोग गरेका सङ्कथन) | लहर | बेन्च | स्तर | लिङ्ग | समय |
|---|---|---|---|---|---|---|
| १ | नमस्कार टिचर ! (समूह स्वर) | दुवै | सबै | उच्च | दुवै | २ से. |
| २ | सत्य मोहन जोशीको जन्म १९७७ साल । | बायाँ | दोस्रो | मध्यम | छात्र | ४ से. |
| ३ | पाँच वर्षसम्म उनको बोली फुटेन । १० वर्षपछि नेपाली भाषा सिकेको । म्याट्रिक पास गरेपछि परिवारका कारण.... | दायाँ | तेस्रो | उच्च | छात्र | ३० से. |
| ४ | नेपाल भाषा एकेडेमी | दायाँ | पाँचौँ | मध्यम | छात्र | ३ से. |
| ५ | दरबारबाट आएको धम्की । | दायाँ | पहिलो | मध्यम | छात्रा | ३ से. |
| ६ | मानेनन् । | दुवै | केही | उच्च | दुवै | १ से. |
| ७ | मदनकृष्ण | बायाँ | दोस्रो | मध्यम | छात्रा | २ से. |
| ८ | सत्य मोहन जोशीले कला संस्कृति..., गाईजात्राबाट ... | बायाँ | पहिलो | मध्यम | छात्र | ७ से. |
| ९ | सूर्यविनायक भनेको के हो ? मिस ! | दायाँ | पहिलो | उच्च | छात्रा | ४ से. |
| १० | म्याट्रिक परीक्षा भनेको के हो ? मिस ! | दायाँ | पाँचौँ | उच्च | छात्र | ४ से. |
| ११ | असल सन्तान, हो । (समूह स्वर) | दुवै | केही | उच्च | दुवै | ३ से. |
| १२ | हामीले आफ्नो संस्कृति बचाइराख्नुपर्छ । देशलाई काँचुली... | बायाँ | दोस्रो | मध्यम | छात्र | ६ से. |
| १३ | हाम्रो संस्कृति बचाइराख्नुपर्छ । हामीले राम्रो काम गर्यौँ भने पछिसम्म अमर रहन्छौँ । | बायाँ | चौथो | मध्यम | छात्र | ११ से. |
| १४ | गाईजात्रा परम्परा । | बायाँ | दोस्रो | मध्यम | छात्रा | २ से. |
| १५ | पुरानो पुरानो संस्कृतिलाई जोगाइराखेको | बायाँ | दोस्रो | मध्यम | छात्रा | ५ से. |
| १६ | शताब्दी पुरुष । | दायाँ | तेस्रो | उच्च | छात्र | २ से. |
| १७ | सत्य मोहन जोशीलाई (समूह स्वर) | दुवै | केही | उच्च | दुवै | ३ से. |
| १८ | कति वटा लेख्ने ? | बायाँ | तेस्रो | उच्च | छात्रा | २ से. |
| **जम्मा** | **समयगत विद्यार्थी सहभागिता (प्रतिशतमा) ३.३९ %** | | | | | १.२४ मि |

*स्रोत:* कक्षा अवलोकनबाट प्राप्त तथ्य

प्रस्तुत तालिकामा उल्लिखित विवरणहरूलाई अध्ययन गर्दा समूह स्वरसहित १८ जना विद्यार्थीहरू मौखिक सङ्कथनमा सहभागी भएको देखिन्छ । सत्य मोहन जोशीको बाल्यकाल र योगदानमा आधारित कक्षा छलफलका क्रममा शिक्षकले सोधेका विभिन्न प्रश्नका जवाफ दिने क्रममा निर्दिष्ट सङ्कथनहरू प्रयोग भएका छन् । मौखिक सङ्कथनको प्रयोगका दृष्टिले यस कक्षामा जम्मा ३.३९ % समय उपयोग भएको छ । समग्रमा न्यून सहभागी देखिएको यस कक्षामा लहरका दृष्टिले बायाँ, बेन्चका दृष्टिले क्रमशः दोस्रो र पहिलो, स्तरका दृष्टिले क्रमशः उच्च र मध्यम तथा लिङ्गका दृष्टिले छात्राहरूको सहभागिता उच्च रहेको देखिन्छ ।

## नतिजाको छलफल

नेपाली भाषा कक्षा नौमा प्रयुक्त मौखिक सङ्कथनमा विद्यार्थी सहभागिता के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानका लागि अनुसन्धान सिद्धान्त, पूर्व अध्येताका धारणा र अनुसन्धान विधिका आधारमा नतिजाको प्राज्ञिक छलफल यसप्रकार गरिएको छ :

प्रस्तुत पहिलो कक्षामा समूह स्वरसहित १७ जना विद्यार्थीहरू मौखिक सङ्कथनमा सहभागी भएको देखिन्छ जम्मा २२ जना विद्यार्थीहरूको उपस्थिति रहेको यस कक्षाको मौखिक सङ्कथन प्रयोगमा जम्मा १७ जना सहभागी देखिएको यो कक्षाको स्थिति नराम्रो देखिदैन । यस सम्बन्धमा फ्लेन्डर (सन् १९७०) ले विद्यार्थी सक्रियतालाई महत्व दिँदै कक्षामा शिक्षक तीन भागको एक भाग र विद्यार्थी दुई भाग सक्रिय रहने गरी सहभागिताको प्रतिनिधित्व हुनुपर्नेमा जोड दिएका छन् । यस कक्षाको विद्यार्थी सहभागिता उनको धारणाअनुरूपको देखिएको छ । यद्यपि सङ्कथनात्मक दृष्टिले हेर्दा प्रयोग गरिएका कथनहरू पूर्ण रूपमा पर्याप्त देखिन्नन् । जस्तै : उज्यालो, सम्मान, भाग्य आदि कक्षा 'क' मा र मानेनन्, मदनकृष्ण आदि 'ख' कक्षामा उपयोग भएका सङ्कथनहरू शाब्दी तहमा सीमित  देखिन्छन् । त्यसमा पनि सबै विद्यार्थीले अवसर नपाउनुले सहभागिता उच्च रहेको मान्न सकिदैन । मौखिक अभिव्यक्तिमा विद्यार्थीहरूलाई बढी भन्दा बढी अवसर दिन सकियो भने नै उनीहरूको बोलाइ सिप उपलब्धिपूर्ण बन्न सक्छ । भाषा  सिकाइमा योग्य अयोग्य, जेहेन्दार कमजोर सबै किसिमका विद्यार्थीहरूलाई सक्दो सहभागिताको अवसर उपलब्ध गराउनु पर्छ भन्ने (अधिकारी, २०६९, पृ.१९) विचारअनुरुप सहभागिताको यस स्थितिलाई उपयुक्त मान्न सकिन्न । अझ मौखिक सङ्कथनको प्रयोगमा 'क' कक्षामा जम्मा १.९० % मात्र समय उपयोग भएकाले यो कक्षा कमजोर देखिएको छ । यसबाट मौखिक सङ्कथनमा विद्यार्थीको अभ्यास नपुगेको स्पष्ट हुन्छ । जुन कुरा न्युमान (सन् १९८६, पृ. २४२) ले विद्यार्थीहरू पर्याप्त समय दिएर तथा अधिकतम प्रयास र गुणस्तरलाई ख्याल गरेर अभ्यास गर्नुका साथै वैयक्तिक सहभागिताको महत्व बोध गरेर कार्यप्रति प्रतिबद्ध भएको खण्डमा मात्र उनीहरू सहभागी भएको मानिने जनाएअनुसार मौखिक सङ्कथनमा विद्यार्थीको सहभागिता सन्तोसजनक देखिदैन । त्यस्तै, सहभागी विद्यार्थीहरूमध्ये लहरका दृष्टिले दायाँ, बेन्चका दृष्टिले क्रमशः पाचौँ र दोस्रो; स्तरका दृष्टिले क्रमशः उच्च र मध्यम तथा लिङ्गका दृष्टिले छात्राहरूको मात्र सहभागिता उच्च देखिएकाले प्रतिनिधिमूलक सहभागिता देखिदैन ।

त्यस्तै, 'ख' कक्षामा समूह स्वरसहित १८ जना विद्यार्थीहरू मौखिक सङ्कथनमा सहभागी भएको देखिन्छ । जम्मा २२ जना विद्यार्थीहरू उपस्थित रहेको यस कक्षाको मौखिक सङ्कथन प्रयोगमा जम्मा १८ जना सहभागी भएका छन् । जम्मा उपस्थितिको पचास प्रतिशतभन्दा बढी सहभागी भएकाले दोस्रो कक्षाको स्थिति राम्रो देखिन्छ । सत्य मोहन जोशीको बाल्यकाल र योगदानमा आधारित कक्षा छलफलका क्रममा शिक्षकले सोधेका विभिन्न प्रश्नका जवाफ दिने क्रममा कक्षामा विद्यार्थीहरूले सङ्कथनहरू प्रयोग गरेका छन् । यस कक्षाको विद्यार्थी सहभागिता पनि फ्लेन्डर (सन् १९७०) को धारणाअनुरूपको देखिएको छ । यद्यपि यस कक्षामा पनि विद्यार्थीद्वारा प्रयोग गरिएका कथनहरू पूर्ण कथनका रूपमा छैनन् । यस कक्षामा सबै विद्यार्थीले अवसर नपाउनुले सहभागिता उच्च रहन सकेको छैन । अर्को कुरा मौखिक सङ्कथनको प्रयोगमा यस कक्षामा जम्मा ३.३९ % मात्र समय उपयोग भएको देखिएकाले यो कक्षा पनि कमजोर देखिएको छ । यसबाट शिक्षक नै सक्रिय भएकाले विद्यार्थीहरु मौखिक सङ्कथनको अभ्यास गर्ने अवसरबाट वञ्चित भएको देखिन आउँछ । समग्रमा विद्यार्थीहरूको न्यून सहभागी देखिएको यस कक्षामा लहरका दृष्टिले बायाँ, बेन्चका दृष्टिले क्रमशः दोस्रो र पहिलो; स्तरका दृष्टिले क्रमशः उच्च र मध्यम तथा लिङ्गका दृष्टिले छात्राहरूको मात्र सहभागिता उच्च रहेकाले यसमा पनि प्रतिनिधिमूलक सहभागिता नभएको प्रस्ट देखिन्छ ।

## निष्कर्ष

नेपाली भाषा कक्षाका मौखिक सङ्कथन अध्ययनका लागि विभिन्न पक्षलाई आधार बनाउन सकिन्छ । मौखिक सङ्कथनको संरचना, प्रकृति (ढाँचा), कार्य, अन्तरक्रियात्मक स्थिति लगायतका पक्षमा आधारित भई यस क्षेत्रमा अध्ययन गर्न सकिन्छ । तर यो अध्ययन नेपाली भाषा कक्षा नौमा प्रयुक्त मौखिक सङ्कथनमा विद्यार्थी सहभागिताको स्थिति पत्ता लगाउन मात्र केन्द्रित रहेको छ । यसबाट विद्यार्थी सहभागिताका दृष्टिले नेपाली भाषा कक्षाका मौखिक सङ्कथन प्रयोगको स्थिति र मौखिक सङ्कथन क्षमता विकासमा यसको प्रभाव कस्तो छ पत्ता लगाउन मद्दत पुगेको छ । अध्ययनका नमुना दुई ओटा कक्षाहरूमा जम्मा २२÷२२ जना विद्यार्थीहरूको उपस्थिति रहेको थियो । तीमध्ये कक्षा 'क' मा जम्मा १७ जना र कक्षा 'ख' मा जम्मा १८ जना विद्यार्थीहरू मौखिक सङ्कथनमा सहभागी भएको पाइन्छ । कक्षा छलफलका क्रममा शिक्षकले सोधेका विभिन्न प्रश्नका जवाफ दिने क्रममा कक्षामा विभिन्न विद्यार्थीहरूले मौखिक सङ्कथनहरू प्रयोग गरेका छन् । न्यून समय भए पनि सहभागिताका दृष्टिले 'क' र 'ख' दुवै कक्षाको स्थिति राम्रो देखिन्छ । यो स्थिति पूर्व अध्येताहरूको धारणासँग मिल्दो पनि रहेको छ । तापनि सबै विद्यार्थीले मौखिक सङ्कथन प्रयोग गर्ने अवसर नपाएका कारण पूर्ण सहभागी कक्षा बन्न सकेको देखिँदैन । सङ्कथनात्मक दृष्टिले प्रयुक्त अभिव्यक्तिहरू पूर्ण कथनका स्वरूपमा छैनन् । अझ 'क' कक्षामा जम्मा १.९०% र 'ख' कक्षामा जम्मा ३.३९% मात्र समय उपयोग भएको स्थितिबाट यी दुबै कक्षा सङ्कथनात्मक प्रयोग क्षमताका दृष्टिले कमजोर देखिएका छन् । त्यसमा पनि 'ख' कक्षाभन्दा 'क' कक्षा अझ कमजोर देखिएको छ । त्यस्तै, सहभागी भएका विद्यार्थीहरूमध्ये निश्चित लहर, निश्चित बेन्च, निश्चित भाषिक स्तर र लिङ्गका दृष्टिले छात्राहरूको सहभागिता उच्च देखिएकाले प्रतिनिधिमूलक सहभागिता नभएको प्रस्ट खुल्दछ ।

प्रस्तुत तथ्यगत आधारबाट हेर्दा निर्दिष्ट कक्षाका विद्यार्थीको मौखिक सङ्कथनमा अभ्यास नपुगेको प्रस्ट भएको छ । विद्यार्थीले मौखिक सङ्कथन प्रयोगमा पर्याप्त समय दिने तथा अधिकतम प्रयास गरी सङ्कथनको विषय व्याप्ति बढाउन नसकेबाट यो कुरा स्पष्ट हुन्छ । यसबाट विद्यार्थी सक्रिय नभई शिक्षक सक्रिय भएको खुल्न आउँछ । शिक्षकले पनि मौखिक कार्यकलापका माध्यमबाट उनीहरूलाई पर्याप्त अभ्यास गर्ने वातावरण निर्माण गर्न सकेका छैनन् । यसबाहेक मौखिक अभिव्यक्तिको विकासमा कक्षाबाहिरका सामाजिक सम्पर्क र सन्दर्भअनुसारको अभ्यास, नवआगन्तुकसँग परिचय आदान प्रदान, साहित्यिक तथा साँस्कृतिक कार्यक्रममा सहभागिता, वक्तृत्व कला, हाजिरी जवाफ आदिमा सहभागिता र सक्रियता बढाउनाले तथा मौखिक अभिव्यक्तिलाई विद्यालयीय शिक्षणको अभिन्न अङ्ग बनाउने गरिएमा मात्र मौखिक सङ्कथनात्मक क्षमता विकासमा मद्दत पुग्ने हुन्छ । शिक्षकको धारणाका आधारमा उक्त विद्यालयमा यी पक्षहरूको अनुप्रयोगमा कमी देखिएको छ । त्यसैले एकातर्फ सहजीकरणका क्रममा विविध कार्यकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ भने अर्कातर्फ विद्यार्थीलाई सक्रिय सहभागी बनाउन उत्प्रेरित गर्नु जरुरी देखिन्छ ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत लेख मेरो विद्यावारिधि अनुसन्धानको विषय क्षेत्रसँग सम्बन्धित रहेको छ । यो मेरो नितान्त मौलिक कार्य हो । यस कार्यमा सहजीकरण गर्ने अध्ययनरत संस्था शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय, ग्र्याजुएट स्कुल्स अफ एजुकेसन, कीर्तिपुर र विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुरप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै, कार्यरत संस्था पृथ्वीनारायण क्याम्पसप्रति पनि कृतज्ञ छु ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान*, रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण*, विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, लक्ष्मीप्रसाद, (२०८१), *नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया* [ अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध ], त्रि. वि., शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय ।

खनाल, पेशल (२०७६), *शैक्षिक अनुसन्धान पद्धति*, सनलाइट पब्लिकेसन ।

पौडेल, हिममाया (२०७८), *प्रायोगिक भाषाविज्ञान,* हिमालयन प्रकाशन प्रा.लि. ।

पौडेल, हिममाया (२०८२), मौखिक र लिखित सङ्कथनका भिन्न विशेषताको विश्लेषण, *पृथ्वीवाङ्मय*, अङ्क १५, पृ.११६–१२९ ।

भुसाल, केशव (२०७५), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध] त्रि. वि, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय ।

Adaba, H. W. (2017), Exploring the practice of teacher student classroom interaction in EFL develop the learners' speaking skills in Tullu Sangota Primary School grade eight students in focus, *Arts and Social science Journal*, 8 (4), 3-4.

Ani, A. (2017). *The analysis of young learners' classroom interaction at an English course in Asia Duta Wonomuly* [Unpublished doctoral dissertation]. Universitas Islam Negeri Alauddin Makassar.

Brown, Gilion and youle, Jourge, (1993), *Discourse analysis*, Cambridge university press. Flandr's, N. A. (1970), *Analyzing teacher behavior*, Adssion-wesly publishing company.

Mc Carthy, M. (1991), *Discourse analysis for language teachers* (Vol. 8, No. 1). Cambridge university press.

Newmann, F. M. (1986), Priorities for the future: Toward a common agenda, *Social Education*, 50(4), 240-250. Nunan, D. (1992), *Research method in language Learning*, Cambridge University Press.